मितिः २०८३/०२/०६

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८३ साल जेष्ठ ०६ गते बुधबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री सिता कुमारी खत्री | सदस्य-सचिव (प्र.प्र.अ.) | |

प्रस्तावहरू:

१. ठेक्का म्याद थप सम्बन्धा,
२. डि.पि.आर स्विकृत सम्बन्धमा,
३. IEE स्विकृत सम्बन्धमा,
४. खनिज जन्य पदार्थ उत्खनन तथा निकासी सम्बन्धी अनुमती सम्बन्धमा,
५. गाउँ सभा अधिवेशन सम्बन्धमा,
६. त्रुटी सच्याउने अवधिमा मर्मत सम्भार नगरेको सम्बन्धमा,
७. ई-हाजिरी कार्यान्वयन कार्यविधि सम्बन्धमा,
८. करदाता सेवा सञ्चालन सम्बन्धमा,
९. शौचालाय निर्माण सम्बन्धमा,
१०. योजना संशोधन सम्बन्धमा।
११. विविध।

**निर्णयहरू:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा संघीय सशर्त अनुदान तर्फको मानेडाँडा बल्छी खोला सडक निर्माण कैलाश १,२,३ र ८ (KRM/NCB/MDBKS/BN-09/2082/83) को म्याद मिति २०८३/०१/३० गते सम्म रहेकोमा मौसमको कारणले गर्दा निर्माण कार्यको ढुवानी गर्न असहज भई समयमै कार्य गर्न नसकिएको भनि रोबर्ट एण्ड रोजी कन्ट्रक्सन प्रा.लि., राक्सिराङ ३ मकवानपुरले मिति २०८३/०१/२९ गते म्याद थपको लागि निवेदन पेश गरेकोमा मिति २०८३/०२/३० गते सम्म अन्तिम पटकको लागि म्याद थप गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कैलाश गाउँपालिकाको १७ औ गाउँसभाको अधिवेशनबाट लिक्चे घ्याङसिनटार नेवारपानी मोटरबाटो डि.पि.आर. शिर्षकमा रकम बिनियोजन भई ए टिम इन्जिनियरिङ सर्भिस प्रा.लि., मध्यपुर ठिमी २ भक्तपुरले सम्झौता बमोजिम सडकको विस्तृत अध्ययन प्रतिवेदन तयार गरि पेश गरेकोले उक्त प्रतिवेदन स्विकृत गरि भुक्तानी दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कैलाश गाउँपालिकाको नदिजन्य गिट्टी वालुवा प्रसोधन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२ अनुसार भाल्टार निर्माण तथा बालुवा प्रसोधन प्रा.लि. कैलाश १० भाल्टार मकवानपुरले प्रारम्भिक वातावरणीय परिक्षणको स्विकृत कार्यसूची बमोजिम पेश गरेको प्रारम्भिक वातारणीय परिक्षण प्रतिवेदन, माघ २०८२ स्विकृत गरि काम सञ्चालन गर्न अनुमति दिने साथै संघीय तथा प्रादेशिक ऐन/नियम संग बाँझिएमा उक्त अनुमती स्वत खारेज हुने गरि निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कैलाश गाउँपलिकाको खानिजन्य पदार्थको उत्खनन् अनुमती तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०८० अनुसार पेश हुन आएका तपसिल बमोजिमका व्यवसायहरूलाई तपसिल बमोजिम सञ्चालन अनुमती दिने निर्णय गरियो।

तपसिलः

क. कैलाश गाउँपालिका वडा नं. ५ अन्तर्गत ४.९२७५ व.कि.मि. क्षेत्रफलमा खानि तथा भू-गर्व विभागको अनुमती पत्र नं. १०३/२०८१/८२ ग्रेनाईट उत्खननको लागि बिग प्लस मिनिरलस् प्रा.लि., नक्साल १ काठमाण्डौलाई (पान नं. १०८७६२३९८) स्विकृत भई यस गा.पा.को नियमानुसार दर्ता हुन आएको तथापि स्थानीय वडावासीहरूबाट विविध विषय सम्बन्धमा जनगुनासो आएकोले, गुनासो सुनुवाईको लागि पालिकाबाट ७ (दिने) सार्वजनिक सुचना प्रकाशन गरि लिखित रुपमा गुनासो प्राप्त भएमा सो गुनासोको सम्बोदन पश्चात तथा कुनै गुनसाको प्राप्त नभएमा स्वतह खानिजन्य उद्योग सञ्चालन अनुमती दिने निर्णय गरियो।

ख. कैलाश गाउँपालिका वडा नं. ४ लिक्चे अन्तर्गत ७.६ व.कि.मि. क्षेत्रफलमा खानि तथा भू-गर्व विभागको अनुमती पत्र नं. १३४/२०७६/७७ चुनढुङ्गा उत्खननको लागि गुँरास सिमेन्ट

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

प्रा.लि. कालिमाटि-१३ काठमाण्डौ (पान नं ३०२५४४१७८) स्विकृत भई यस गा.पा.को नियमानुसार दर्ता हुन आएकोले खानिजन्य उद्योग सञ्चालन अनुमती दिने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत एवं पारित गर्ने प्रयोजनका लागि गाउँसभाको अधिवेशन मिति २०८३ साल असार १० गते आयोजना गर्ने निर्णय गरियो। साथै गाउँसभा सञ्चालनका लागि आवश्यक सम्पूर्ण तयारी तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको समयभित्र सम्पन्न गर्न सम्पूर्ण विषयगत समिति, उप—समिति, वडा कार्यालय तथा सम्बन्धित शाखाहरूलाई आ—आफ्नो जिम्मेवारी अनुसार आवश्यक कार्य अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८१/८२ मा निर्माण भएको किर्तिमान डाँडा भार्ता वाक्सिराङ सडक योजना कैलाश ३, ७ र ८ (ठेक्का नं. KRM/KBRP/BN-04/2080/81) को कार्य श्री वि.पि./ए.वि.एस जे.भि. धुलिखेल काभ्रेले (पान नं. ६२०७३९१५९) गरेकोमा कालिकाटार सडक खण्डमा वाल तथा नाला भत्किएकोले त्रुटी सच्याउने अवधिमा मर्मत गर्न पटक पटक ताकेता गरेकोमा निर्माण व्यवसायीले मर्मत गर्न अटेर गर्नु भएको हुदा सार्वजनिक खरिद ऐन/ नियमावली, २०६४ को नियम १२४ को उपनियम २ बमोजिम गर्ने तथा सो वापतको रकम निज निर्माण व्यवसायीको धरौटी रकमबाट उपनियम २ (२ क२) अनुसार कट्टा गरि भुक्तानी गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरू कर्मचारीको हाजिरी नियमितता, व्यवस्थापन तथा निगरानी कार्यलाई प्रभावकारी बनाउन विद्युतिय हाजिरी जडान एवं सञ्चालन गर्ने प्रयोजनको लागि तयार गरिएको ई-हाजिरी कार्यान्वयन कार्यविधि, २०८३ स्विकृत गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आन्तरिक राजश्व कार्यालय, हेटौडावाट प्रवाह हुँदै आएका कर सम्बन्धी आधारभूत सेवाहरू कैलाश गाउँपालिकाको कार्यालयबाट समेत सेवा प्रवाह गरि जनस्तरमा सेवा पहुच सुनिश्चित गर्न मिति २०८३/०१/३१ गते गाउँपालिका र आन्तरिक राजश्व कार्यालय, हेटौडा बिच भएको समझदारी बमोजिम मिति २०८३/०४/०१ गतेबाट उक्त सेवा सूचारू गर्न आवश्यक प्रवन्ध मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यलयको प्रशासनिक भवनमा प्रमुख प्रशासकीय अधिकृतको कार्य कक्षमा शौचालयको आवश्यक भएको हुँदा उक्त शौचालय निर्माणको लागि प्राविधिक लागत अनुमान अनुसार रकम रु. १,५०,०००/- भैपरी आउने पुजीगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

१०. प्रस्ताव न. १० (क) माथि छलफल गर्दा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापन सहयोग कार्यक्रम कार्यविधी २०८१ को लागि तपशील बमजिमको बजेट प्राप्त भएकोले सोहि अनुसार गाउँकार्यपालिकाको निर्णय बमोजिम गर्न सकिने भएकोले कार्यक्रम संचालन गर्ने

सिर्ता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

कैलाश गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

व्यवस्था अनुसार तपशील बमिजिमको बालबालिकाहरूको लागि समावेशि शिक्षा परियोजना अन्तरगत अंपाङमैत्री आवाश निर्माण कैलाश -०९ मा उपभोक्ता समिति गठन गरी कार्य गर्न वडा कार्यलाई स्वीकृत दिने भनि निर्णय गरियो।

| सि.न. | संसोधन हुने कार्यक्रम | रकम | संसोधित कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अपाङगता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापन सहयोग कार्यक्रम प्रदेश सरकार संग म्याचिङ फन्ड | २ लाख | बालबालिकाहरूको लागी समाबेसि शिक्षा परियोजना अन्तरगत अंपाङमैत्री आवाश निर्माण कैलाश -०९ | १९ लाख | |
| २ | अपाङगता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापन सहयोग कार्यक्रम प्रदेश सरकार | ३ लाख | | | |
| ३ | बालबालिकाहरूको लागी समाबेसि शिक्षा परियोजना अन्तरगत अंपाङमैत्री आवाश निर्माण ललितपुर म.न.पा बाट प्रास | १२ लाख | | | |
| ४ | गाउँपालिका बाट थप रकम भैपरी आउने पुजिगत खर्च शिर्षक बाट थप रकम | २ लाख | | | |

प्रस्ताव नं. १० (ख) माथि छलफल गर्दा आ.व. २०८२/८३ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार कृषि विकास तर्फ बिनियोजन भएको तपसलिकको योजना विविध कारणबस संचालन हुन नसकिने भएकोले उक्त योजनालाई तपसिलको योजना अनुरुप संशोधन गर्ने तथा वडा नं. ४ मा बिनियोजित तपसिल बमोजिमको योजना संशोधन गर्ने निर्णय गरियो।

| सि.न. | संसोधन हुने कार्यक्रम | रकम | संसोधित कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि हाटबजार संचालन तथा व्यवस्थापन | ४,९४,६०० | आकस्मिक रोग किरा व्यवस्थापन | ३०००.०० | |
| २ | बाल संगती सामुदायिक भवन निर्माण | ४००००० | ज्यान्द्रुङ प्रे टावर निर्माण कैलाश ४ | ४००००० | राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी |
| ३ | टोपाखानी खोल्ची धुसराङ सडक मर्मत | २००००० | रिटे खोला देखि पँखेल सम्म खानेपानी टयाङकी निर्माण कैलाश ४ | २००००० | |

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | सामुदायिक भवन निर्माण | २००००० | सामुदायिक भवन मर्मत | २००००० |

११. **विविध क** माथि छलफल गर्दा यस कार्यालयमा समवत् २०७७ सालमा नियुक्त भई यस गाउँपालिका र हिमालि गाँपालिका बाजुराको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/२० गतेको निर्णय अनुसार काज सरुवा भएका खानेपानी तथा सरसफाई टेक्निसियन (सहायक चौथो) धन बहादुर थापा उक्त गाउँपालिकामा समान सेवा, समुह, पद/तहमा पदस्थापनाका लागि सहमति दिने साथै उक्त व्यहोराको जानकारी हिमाली गाउँपालिका, बाजुरा र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीलाई जानकारी गराउने निर्णय गरियो।

**विविध ख** माथि छलफल गर्दा राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठान भैसेपाटि, ललितपूर र कैलाश गाउँपालिका मकवानपूरको लागत साझेदारीमा २० जनालाई हाउस-किपिङ सम्बन्धी तालिम संचालन गर्नको लागि प्रतिष्ठान बाट रु ३,४४,३५०। बराबरको लागत अनुमान तयार भै प्राप्त भएकोमा प्रतिष्ठानले रु २,७९,३५०। बराबरको रकम व्यहोर्ने भएकाले साझेदारी तालिम संचालन गर्न आवश्यक रकम रु ६५,०००। भैपरी आउने पुजिगत शिर्षक बाट विनियोजन गर्ने निर्णय गरियो।

**विविध ग** माथि छलफल गर्दा श्री भवानी मा.वि. कालिकाटारलाई विद्यालयमा कार्यारत निजि श्रोत शिक्षकहरुको तलब र व्यवस्थापन खर्च अपुग बजेट रकम रु. १,५०,०००/- भैपरी आउने चालु शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो।

**विविध घ** माथि छलफल गर्दा १० शैया वि.पि. स्मृति कैलाश आधारभूत अस्पताल कैलाश-०३, कालिकाटार निर्माण को क्रममा अपुग भएको जग्गा खरिद गर्दा भुक्तानीको लागि अपुग भएको रकम प्रत्येक स्थायी कर्मचारीले मासिक रूपमा खाई पाई आएको प्रोत्साहन भत्ताबाट एक महिना बराबरको रकम सहयोगको रुपमा उपलब्ध गराउने निर्णय गरियों।

**विविध ङ** माथि छलफल गर्दा २०८३ बैशाख २१ गतेको भिषम हावाहुरीका कारणले कैलाश गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरूका वडाबासीको घरमा पर्न गएको क्षतीको संलग्न भई आएका विवरण अनुरूप वडागत प्राविधिक कर्मचारीको लागत अनुमान तथा अनुगमन प्रतिवेदन अनुसार निज क्षती ग्रस्त घरमा आवश्यक पर्ने जस्तापाता खरिद तथा व्यवस्थापन गरेबापत शोधभर्नाको लागि आवश्यक रकम विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो।

**विविध च** माथि छलफल गर्दा कैलाश गाउँपालिकाको वडा नं. ५ निवासी श्री भुवन सिं मुक्तान मिति २०८२/०३/२४ गते मित्रराष्ट्र चिनको एरियामा परेको अबिरल वर्षाका कारण जिल्ला रसुवा गोसाईकुण्ड गा.पा. वडा नं. २ टिमुरेमा सवारी चलाउने क्रममा सवारी सहित बगाई मृत्यु भएको हुदा निजको परिवारलाई सहयोग वापत रकम रु. ३०,०००/- ( तिस हजार मात्र) उपलब्ध

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

गर्ने र थप सहयोगको लागि आवश्यक निर्णयका साथ जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा शिफारिस गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**विविध छ** माथि छलफल गर्दा कैलाश गाउँपालिकाको चालु आ.व. २०८२/८३ को स्विकृत वार्षिक बजेट अनुसार गाउँपालिकाको स्थायी, करार र स्वास्थ्यका कर्मचारीहरूको तलब शिर्षकमा अपुग भएको तलब रकम रु. ७९,००,०००/-(अक्षरूपी उनासी लाख मात्र) आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

**विविध ज** माथि छलफल गर्दा कैलाश गाउँपालिका र शाङ्ग्रिला डेभलोप्मेन्ट एसोशिएसन प्रा.लि. विच साझेदारीमा निर्माण भएको कैलाश गाउँपालिका फोहोरमैला व्यवस्थापन सर्वेक्षण तथा नीति निर्माण कार्य परामर्शदाता श्री आइसोटेक्ट ईन्जिनियरिङ्ग कन्सल्टान्स् प्रा.लि. धनगढी कैलालीले पेश गर्नु भएको उक्त प्रतिवेदन स्विकृत गरि अनुमोदन गर्ने निर्णय गरियो।

**विविध झ** माथि छलफल गर्दा यस कैलाश गाउँपालिकाले मिति २०८२/१०/२० गते प्रकाशन गरेको मनहरीखोला पक्कि पुल देखि कालिकाटार नामटार सडक( ठेक्का न.KRM/RPC/NCB-12/2082/83) को निर्माण कार्य सम्बन्धमा आर्थिक प्रस्तावको सुचना प्रकाशन भए पश्चात सार्वजनिक खरिद पुनरावलोकन समिति केसरमहल, काठमाण्डौमा मिति २०८३/०१/०९ गते निवेदन दर्ता भएको तथा मिति २०८३/०१/१७ गते सुनुवाई कार्यक्रम समेत सम्पन्न भई सकेको तथापि हाल सम्म सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय प्राप्त हुन नआएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५० को उपदफा ४ बमोजिम निर्णय प्राप्त हुन नआएमा, निर्माण कार्यको लागत साझेदारी, निर्माणको समय सिमा, पालिकाको आर्थिक अवस्था आदि कारणहरुले उक्त निर्माण कार्य अगाडि बढाउनु अनिवार्य भएकोले ऐ ऐ ऐनको दफा ५१ को उपदफा २ को (ख) बमोजिम गर्ने गरी निर्णय गरियो।

**विविध ञ** माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय कालिकाटारमा रहेको जेनरेटर मर्मत सम्भार गर्दा पनि चालु अवस्थामा राख्न नसकिएको, वारेन्टि व्यतित भई मर्मत सम्भार अत्यधिक देखिन आएको तथा बिजुलि समय-समयमा अवरुद्ध भई कार्यालयमा कामकाज गर्न समस्या परिरहेको आदि कारणले एक थान जेनरेटर खरिद गर्नु पर्ने भएकोले आवश्यक रकम रु. ७,५०,०००/- भैपरी आउने पूजिगत शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो।

**विविध ट** माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ९ स्थायी निवासी श्री आत्म राज घलान (ना.प्र.नं. ३१-०१-८१-०४२०७) को दुवै मृगौला फेल भई हाल उपचारत रहेकोमा पारिवारिक आर्थिक अवस्था न्युन रहेकोले निजलाई विपन्न नागरिक औषधोपचार तथा संघ संस्थालाई प्रदान गरिने आर्थिक सहायता सम्बन्धि निर्देशिका, २०८० बमोजिम रु. १५,०००/- उपलब्ध गराइएकोमा निजलाई पुन थप रकम रु. ३५,०००/- आर्थिक सहायता स्वरुप सहयोग गर्ने निर्णय गरियो।

सिता कुमारी खत्री
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष